# चुमनुब्री गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणबारे सार्वजनिक सुनुवाई कार्यक्रम-२०८० प्रतिवेदन

सहजीकरण
**सहमत मिडिया प्रालि**

## चुमनुब्री गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिर्दिबास-गोरखा ।

## २०८० चैत १८ गते

## विषय सूची

१. विषय प्रवेश ....................................
२. सार्वजनिक सुनुवाईको उद्देश्य .....................
३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी ..........................
४. सार्वजनिक सुनुवाई कार्यक्रम ................................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु................... .........
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ .............
७. निष्कर्ष ......................................
८. अनुसूचिहरु .......................................
अनुसूची १ : सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चारमाध्यममा प्रसारित सूचना ....
अनुसूची २ : सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता ..
अनुसूची ३ : नागरिक प्रतिबेदन र बहिर्गमन अभिमत ................
अनुसूची ४ : सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका ..........
अनुसूची ५ : पालिकाको सेवा प्रवाह र विकास निर्माणबारे विवरण.........
अनुसूची ६ : सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्वीरहरु ........
अनुसूची ७ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ .......
अनुसूची ८ : सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति ..........

## १. पृष्ठभुमी

नेपालको संविधानमा व्यवस्था भए अनुसार तीन तहका सरकारहरु गठन भई विभिन्न विकासमुलक तथा सेवामुलक कार्यहरु हुँदै आएका छन् । स्थानीय सरकारले जनताको नजिकको सरकारको रुपमा आफुलाई स्थापित गर्दै जनताको घरदैलो सम्म पुगी उनीहरुको मर्म अनुसार योजना निर्माण गरी कार्यान्वयन गरिरहेको देखिन्छ । साथै स्थानीय सरकारले आफ्नो वार्षिक नीति तथा योजना र बजेटमा जवाफदेही, पारदर्शी र उत्तरदायी सरकार स्थापना गर्ने लक्ष्य राखी विभिन्न गतिविधीहरु समेत संचालनमा ल्याएको पाइन्छ । यसबाट स्थानीय सरकार प्रति जनताको अपनत्व बृद्दी हुन गइ कार्यक्रमहरु कार्यान्वयनमा प्रभावकारिता आउनुका साथै तोकिएको लक्ष्य प्राप्त गर्न समेत मद्दत पुग्दछ ।

केही स्थानीय सरकारले दीर्घकालीन लक्ष र पालिका गौरवका योजनाहरु छनोट गरी कार्यान्वयन र प्रभावकारिता अनुगमन तथा व्यवस्थापन पनि गरेको छ । यसका लागि प्रदेश र संघ सरकारसँग हातेमालो गर्दै समावेशी विकासमा ध्यान दिएका छ । यसबाट समग्र पालिकाको विकास नतिजामा सुधार हुनुका साथै सेवा प्रवाह समेत द्रुत हुनेमा विश्वस्त हुन सकिन्छ । लोकतन्त्रका हरेक पहरेदारले शिक्षा, स्वास्थ्य र रोजगारीसहित नागरिकका आधारभूत अधिकार र सार्वजनिक सेवा प्रवाहमा राज्य संयन्त्रलाई खबरदारी गर्नुपर्छ । नागरिकहरुको विवेकपूर्ण हस्तक्षेपले सार्वजनिक निकायहरु जवाफदेही हुन्छन् । संघीय शासन प्रणाली अन्तर्गत आम नागरिकको स्थानीय सरकारको क्षेत्राधिकार भित्र प्रत्यक्ष सरोकार रहने तथा सरोकारका व्यक्ति र निकायको अर्थपूर्ण एवम् रचनात्मक सहभागीताका लागि सार्वजनिक सुनुवाई कार्यक्रम अपरिहार्य र अनिवार्य छ ।

स्थानीय सरकारको कानून, नीति, कार्यक्रम, निर्णय र सेवा प्रवाह सम्बन्धि सूचनाहरु अद्यावधिक गर्नुका साथै सरोकारवाला सामु पुऱ्याउनु पर्ने दायित्व छ । नागरिक सहभागीता र सेवाप्रदायकको जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको परिकल्पना गरिएको छ । अतः यस्ता कार्यक्रमले पालिका सरकारका कार्यक्रमहरुबारे जनतालाई जस्ताका त्यस्तै जानकारी गराइ तथा जनताका समस्या तथा गुनासाहरुबारे प्रत्यक्ष सम्बोधन गर्न सकिने अवस्था बन्दछ । यसबाट संविधानले परिकल्पना गरेको सहकारिता, सहकार्य र समन्वयमा विकास निर्माण गर्न सहयोग पुग्नेछ ।

लामो समयपछि नेपालका स्थानीय तह परिमार्जन सहित जनप्रतिनिधीको हातमा पुगेको छ । स्थानीय सरकारले पहिलो कार्यकाल व्यतित गरेर दोश्रो कार्यकालको दोस्रो वर्ष पूरा गर्ने चरणमा छन् । राज्यको संरचना मार्फत राज्यशक्तिको बाँडफाँट जनतामा विकेन्द्रित भएको छ । जनताका घर आँगनमा सरकार पुगेको छ । तर घर आँगनका सरकार जनताप्रति उत्तरदायी छन् कि छैनन् भन्ने कुराको जाँच स्वयं नागरिकले गर्नुपर्छ । देशका सार्वजनिक प्रशासनहरु जनमुखी, जवाफदेही, पारदर्शी, समाबेशी तथा सहभागितामुलक बनाएर त्यसको प्रतिफल सबै नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हो । विकेन्द्रिकरणको मर्म जनसहभागितामा आधारित निर्णय प्रक्रियाको अभ्यास गर्दै तय गरिएका योजनाहरुको प्रतिफलमा कुनै शंका हुँदैन । आम जनताको चाहनालाई योजनामा केन्द्रित गर्ने कुरा सामान्य छैन । तर अझैपनि प्राथमिकताले नभई पहुँचले अवसर पाउने परम्परा जिवित छ ।

तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तब्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ । आफ्ना कामबारे जनताले जाँच्छन् । उनीहरुको प्रतिक्रिया सुन्न र गल्ती नदोहोऱ्याउन यस्ता कार्यक्रम प्रभावकारी पनि छन् । पालिकाबाट गरिएका विकास निर्माण कार्यक्रम, उपलब्ध सेवाका सम्बन्धमा सार्वजनिक गरि सेवाग्राही नागरिकले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी जिम्मेवार सरकार बनाउन सार्वजनिक सुनुवाईको परिकल्पना गरिएको हो । हरेक स्थानीय तहको संस्थागत क्षमता स्वः मुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य बनाइएको छ । गण्डकी सरकारले बनाएको सुशासन ऐन २०७६ र सो अन्तर्गत बनेको सामाजिक उत्तरदायित्व प्रवर्द्धन निर्देशिका २०७७ को अधिनमा रही यस कार्यक्रम गरिएको हो । सोही अनुसार गोरखाको चुमनुब्री गाउँपालिकाले यसको अभ्यास थालेको छ । गाउँपालिकाको आयोजनामा २०८० चैत्र १८ गते आइतबार वडा नम्बर ३ फिलिमको सार्वजनिक सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

## २. सार्वजनिक सुनुवाईका उद्देश्य

- गत आवमा सन्चालन भएका कार्यक्रम तथा योजनाको स्थितिबारे समिक्षा गरी मुल्यांकन, सुझाव र पृष्ठपोषण प्रदान गरिने,
- जनप्रतिनिधि तथा कर्मचारीले गरेको समग्र शाखागत मुल्यांकन तथा समिक्षा गरिने
- संवैधानिक व्यवस्था तथा सूचनाको हकको कार्यान्वयन गराईने,
- कार्यालयसँग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरीको विषयमा सुनुवाई गर्ने
- गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण पदाधिकारीको जवाफदेहीता र पारदर्शीता प्रबर्द्धन गरिने,
- गाउँपालिकाबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गराउने
- विगतमा गरिएका कमजोरीको समीक्षा गर्न र आगामी दिनमा त्यसबाट पाठ सिक्दै सुधारको खोजी गर्ने
- सेवाग्राही नागरिकको सचेतना जागृत गराउन तथा जनप्रतिनिधि र कर्मचारीलाई सेवाग्राहीप्रति अधिनस्थ बनाउने
- समग्र पालिकाको आर्थिक सुधार र समृद्धीमा टेवा पुऱ्याउने
- जनमैत्री सेवा विस्तार गर्न र नागरिकको सेवाप्रतिको सन्तुष्टी जाँच्ने
- सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने

## ३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी

(क) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नको लागि व्यवस्थापन तथा सहकार्यको जिम्मेवारी सहमत मिडिया प्रालिलाई दिईयो । सार्वजनिक सुनुवाई कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्नको लागि चुमनुब्री गाउँपालिका अध्यक्ष निमा लामा, उपाध्यक्ष लक्ष्मी गुरुङ र प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछाने सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो । त्यसअघि कार्यक्रमबारे कार्यपालिका बैठकले नै निर्णय गरिसकेको थियो । सोही निर्णय अनुसार कार्यक्रमको तयारी थालिएको हो ।

(ख) सार्वजनिक सुनुवाई कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ता तथा सरोकारवालाहरुलाई पत्राचार गरिएको थियो । साथै वडा र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । कार्यक्रममा सहभागिताका लागि टोलका अगुवाहरुलाई समेत परिचालन गरिएको थियो । (***प्रवाह भएको सूचनाको नमूना अनुसूची १ मा रहेको छ ।***)

ग) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो ।
(***आचार संहिताको नमूना अनुसूची २ मा रहेको छ ।***)

## ४. सार्वजनिक सुनुवाई कार्यक्रम

पूर्व निर्धारित कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई २०८० चैत्र १८ गते दिउँसो पौने १२ बजेदेखि शुरु भयो । सार्वजनिक सुनुवाई कार्यक्रम ३ घण्टा भन्दा बढी सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै शुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सञ्चालकको भूमिका निर्वाह गर्नुभएको थियो । पालिकाका अध्यक्ष निमा लामा ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष लक्ष्मी गुरुङले स्वागत र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । प्रमुख प्रशासकीय अधिकृत लामिछानेले चालू आवको हालसम्म सम्पन्न विकास निर्माण र सेवा प्रवाहबारे जानकारी गराउनुभयो । प्रमुख जवाफदेहीका रुपमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँगै वडाध्यक्षहरु, विभिन्न शाखाका प्रमुखहरु, एमक्यापका प्रतिनिधि, अन्य जनप्रतिनिधिहरु, उपभोक्ता समिति र विभिन्न व्यक्तित्वहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा सहजीकरण गर्नुभयो ।

त्यसपछि सहजकर्ताले सार्वजनिक सुनुवाई आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराउँदै सार्वजनिक सुनुवाई कार्यक्रममा सबैले पालना गर्नुपर्ने नियमका बारेमा जानकारी गराउनुभयो । कार्यक्रममा पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किंदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सहमत मिडिया प्रालिका निराजन अधिकारीले सार्वजनिक गर्नुभयो । त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो ।

***(सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका अनुसूची ४ मा रहेको छ । )***

## ५. सार्वजनिक सुनुवाईका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामा, उपाध्यक्ष लक्ष्मी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेसँगै वडाध्यक्षहरु लगायत जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, एमक्याप सिर्दिवासका प्रमुख भुवन ओझा, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, समूह वा सन्जाल, क्लबका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु लगायतको उपस्थिति थियो ।

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

सार्वजनिक सुनुवाई कार्यक्रमको खुल्ला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष निमा लामा, उपाध्यक्ष लक्ष्मी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछाने, शाखा प्रमुखहरु, एअक्यापका प्रतिनिधि, वडाध्यक्षहरुले जवाफ दिनुभयो ।

(***खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ६ मा रहेको छ ।)***

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रम सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न भयो । व्यक्तिगत रिसिइवी साँध्ने किसिमले कसैबाट पनि आरोप, प्रत्यारोप र लाञ्छना लगाउने कार्य भएन । कार्यक्रममा व्यापक उपस्थिति भएपनि सहभागीहरुले प्रश्न चाहिँ धेरै राख्नुभएन । कार्यक्रम अवधि भर सबैबाट शिष्ट र सभ्य भाषाको प्रयोग भयो । त्यसैगरी गाउँपालिका र मातहतका कार्यालयहरुबाट पनि आवश्यक जानकारी प्रश्तुत गरिनुका साथै सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा वडा र टोल तहबाट धेरै प्रश्न तथा गुनासोहरु एवं सुझावहरु आएका छन् । त्यसैगरी कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाई गरिएको छ । आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं । अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने विश्वास लिएका छौं ।

एक कार्यकाल जनप्रतिनिधिले ब्यतित गरिसक्दा पनि प्रणालीगत सुधार र नयाँपन आउन नसक्दा आम नागरिकहरुमा आक्रोश बढी छ । यद्यपी जनसेवा भने पहिले भन्दा बढेको छ । जिल्ला सदरमुकाम पुग्नुपर्ने काम पालिकाबाट सम्पादन हुँदा संघीयताप्रति जनताको विश्वास बढ्दै गएको अनुभुती भएको छ । यसमा पनि थप सुधारहरु आवश्यक छन् । आगामी दिनमा ति सुधार हुने विश्वास लिएका छौं । साथै, गरिएका प्रतिबद्धता कार्यान्वयन हुने र प्रश्नहरु आगामी दिनमा नदोहोरिने आसा गरेका छौं । समग्रमा कार्यक्रम निकै फलदायी रुपमा सम्पन्न भएको छ । खासगरी पहिलो चौमासिकमा कार्य प्रगती उल्लेख्य नहुने र त्यसको चाप पछिल्ला चौमासिकहरुमा थुप्रिने समस्या चुमनुब्रीमा पनि देखियो ।

जनप्रतिनिधि र कर्मचारीहरु कार्यालयमा पूरै समय नबस्दा सेवाग्राहीलाई समस्या परेको छ । यसका भौगोलिक र अन्य विभिन्न कारणहरु भएपनि त्यस्ता कारणमा समयअनुसार सुधार गर्दै कार्यालय समयमा कार्यालयमै रहने वातावरणको सिर्जना गरिनुपर्छ । साथै वडाहरुमा दक्ष र पर्याप्त सचिवहरु नहुँदा झनै बढी सास्ती नागरिकले व्यहोरेका छन् । कर्मचारी अभाव तत्कालै समाधान गर्नतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । आगामी दिनमा नयाँ आर्थिक वर्ष सुरु हुने वित्तिकै कार्यगत तीब्रता बढाउनुपर्ने अनिवार्य आवश्यक्ता छ । तवमात्रै नागरिकहरुले संघीयताको महशुस गर्न पाउने छन् । साथै नागरिकहरुले यस कार्यक्रममा उठाएका सवालहरु विस्तारै हल हुँदै जाने र आगामी कार्यक्रममा नदोहोरिने विश्वास सहजकर्ताको तर्फबाट लिएका छौं ।

## ८. अनुसूचीहरु

# अनुसूची १

***सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सार्वजनिक सञ्चार माध्यमबाट प्रसारित सूचना***

**चुमनुब्री गाउँपालिका, गाउँ कार्यपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धि अत्यन्तै जरुरी सुचना**

गोरखाको चुमनुब्री गाउँपालिकाले नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माण कार्यहरु सार्वजनिक गरी ती विषयमा नागरिकहरुले उठाएका प्रश्नहरुको सुनवाई गर्दै रचनात्मक सुझाव ग्रहण गर्न यही मिति २०८० चैत्र १८ गते आइतबारका दिन वडा नम्बर ३ स्थित सिर्दिबासको सामुदायिक भवनमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएकोले कार्यक्रममा सहभागी भई आफ्ना प्रश्न, गुनासो तथा सुझाव व्यक्त गरिदिनुहुन गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**आयोजक**

**चुमनुब्री गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**
**सिर्दिबास, गोरखा**

# अनुसूची २

**सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

# अनुसूची ३

**बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन**

बहिर्गमन अभिमत **(Exit Poll)**

चुमनुब्री गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्कँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ४० जना ।

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | ३६ प्रतिशत |
| योजना सम्झौता गर्न | २८ प्रतिशत |
| योजनाको जाँचपास गराउन | १२ प्रतिशत |
| कार्यालयले बोलाएर आएको | ८ प्रतिशत |
| सूचनामूलक सामग्री प्राप्त गर्न | ८ प्रतिशत |
| अन्य कुनै भए | १४ प्रतिशत |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| | | |
|---|---|---|
| अति स्पष्ट | ठीकै | अस्पष्ट |
| ४८ प्रतिशत | ४२ प्रतिशत | १० प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति धेरै | ठीकै | थोरै |
| ४६ प्रतिशत | ५२ प्रतिशत | २ प्रतिशत |

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| | | |
|---|---|---|
| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
| ६२ प्रतिशत | ३८ प्रतिशत | ० प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| | | |
|---|---|---|
| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| ४८ प्रतिशत | ४० प्रतिशत | १२ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| | | |
|---|---|---|
| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
| ५४ प्रतिशत | ४६ प्रतिशत | ० प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
| ३२ प्रतिशत | ५६ प्रतिशत | १२ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. पहिले जिल्ला सदरमुकाम पुगेर लिनुपर्ने सुविधा पालिका र वडाबाटै पाएका छौं ।

२. घरघरमा खानेपानी पुगेको छ । जनतालाई सुविधा भएको छ ।

३. सामाजिक सुरक्षा भत्ता गाउँगाउँमा पुगेर वितरण गरिन्छ । रकम लिन बैंकसम्म धाउनुपर्दैन ।

४. मोटरबाटो विस्तारै बनिरहेको छ ।

५. तत्काल आवश्यक पर्ने योजनाहरु जनप्रतिनिधि र कर्मचारीलाई भन्न सजिलो भएको छ ।

६. नबुझेका कुरामा कर्मचारीले बुझाइदिन्छन् । मिलनसार व्यवहार गर्छन् ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. पालिकाले उपभोक्ता समितिलाई पेश्की नदिँदा काम गर्न समस्या भयो । बजारका साहु चिने उधारो सामान पाइन्छ नत्र सामान किन्ने पैसा पनि भएन । पेश्कीको व्यवस्था होस् ।

२. पालिकामा कति कर्मचारी छन् ? कहाँ छन्, के गरेर बस्छन् ? विशेष गरी कृषि र पशुका कर्मचारी खोजेका बेला भेटिँदैनन् । पालिकाको ध्यान जाओस् ।

३. कृषिमा दिइएको अनुदान अनुसार उत्पादन बढेको छ कि छैन ? धेरै अनुदानहरु दुरुपयोग भएका छन् । अनुगमन कसले गर्ने हो ?

४. मनास्लु संरक्षण क्षेत्र आयोजना समुदायमा हस्तान्तरण गर्ने कुरा सुनिएको थियो । अहिले फेरि म्याद थप भएछ । हामीले पालिकाको नियम मान्ने कि एमक्यापको ? पालिकाले योजना दिन्छ, एमक्यापले काम गर्न रोक्छ । समन्वय किन नभएको हो ? एमक्यापले उठाएको पैसा कसले चलाउँछ ?

५. पालिकाभित्रका होटल र पसलहरुको अनुगमन कसले गर्ने हो ? म्याद गुज्रेका सामग्री विक्री भैरहेका छन् । सामानको मुल्य पनि पसलैपिच्छे फरक छ ।

६. जिल्लाको दररेट मिल्दै मिलेन । सुगम र दुर्गमको दररेट एउटै हुँदा काम गर्न गाह्रो भयो । विकटमा ढुवानी र कामदारको ज्याला रेटभन्दा बढी खर्च हुन्छ । समितिलाई नोक्सान भयो ।

७. काम सकिएपछि जाँचपासका लागि प्राविधिक बोलाउँदा समयमा आउँदैनन् । तत्कालै आउनुपर्‍यो, जनशक्ति नपुगे थप्नुपर्‍यो।

८. योजनाको स्टिमेट नेपालीमा बनाइदिनुपर्‍यो । भाषा नबुझेर काम गर्न सकिएन ।

९. पालिकाले सञ्चालन गर्ने योजनाहरुमा अनुगमन पुगेन । कामहरु गुणस्तरहीन भैरहेका छन् ।

१०. स्वास्थ्य संस्थामा सरकारले दिने भनेको निशुल्क औषधी पनि पाइँदैन, न उपचार राम्रो हुन्छ । सानो समस्या भएपनि सदरमुकाम पुग्नैपर्ने बाध्यता हटेन ।

११. पालिका स्थापना भएको ७ वर्ष भैसक्यो अहिलेसम्म भाडाको घरमा चलिरहेको छ । महिनामै लाखौं भाडा तिरेर बस्नुभन्दा आफ्नै घर बनाउन पहल गरियोस् ।

१२. गाउँपालिकामा कति बजेट आउँछ, के काममा पैसा खर्च हुन्छ भन्ने थाहा पाइँदैन । अन्ततिर रातो किताव छापेर बाँड्छन् । हाम्रो पालिकामा किताव नछापेको हो कि नबाँडेको हो ?

१३. पालिकाका करार कर्मचारीमा स्थानीयलाई प्राथमिकता दिनुपर्‍यो । सँधै बाहिरकै मान्छे आउँछन् ।

१४. वडा कार्यालयमा कर्मचारी नै हुँदैनन् । भएकोले पनि सिफारिस लेख्न जान्दैनन् । वडाको सिफारिस लिन पनि पालिका नै धाउनुपर्छ । एउटै वडा सचिवलाई धेरै वडाको जिम्मेवारी दिँदा समयमा काम भएन ।

१५. वन्यजन्तुका कारण किसानले खेती थन्क्याउन पाएनन् । अहिंसा क्षेत्र तोक्नु राम्रो हो तर क्षति भएपछि राहत उपलब्ध गराइनुपर्‍यो । मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरणका उपाय खोजियोस् ।

१६. गाउँगाउँमा टेलिफोन नेटवर्कको समस्या धेरै भयो । दीर्घकालीन समाधानका लागि पहल होस् ।

१७. व्यवसायीले एउटै व्यवसायको कर तीनवटा सरकारलाई तिर्नुपर्ने बाध्यता छ । कर एकै ठाउँमा तिर्ने व्यवस्था होस् ।

१८. कार्यपालिका बैठकका निर्णयहरु सार्वजनिक गरिँदैन । जनताले थाहा पाउने गरि सार्वजनिक गर्नुपर्‍यो । नत्र के निर्णय हुन्छ थाहै पाइएन ।

१९. पालिकाले कृषिको सामान वितरण गर्दा समय मिलेन । खेती लाउने बेलासम्म विउ विजन पाइँदैन । खेती लाइसकेपछि सामग्री वितरण हुँदा प्रभावकारी भएन ।

२०. जनप्रतिनिधि र कर्मचारी नियमित रुपमा कार्यालयमा बस्ने वातावरण बनाइयोस् । टाढाबाट काम लिएर पालिका आयो, काम नगरी त्यसै फर्किनुपरेको छ । कार्यालयमा हुने र नहुने समय सबै नागरिकलाई जानकारी गराइयोस् ।

२१. जनप्रतिनिधिहरुले योजना छनोट र बजेट विनियोजन गर्दा अधुरा योजनालाई प्राथमिकता दिइनुपर्‍यो ।

२२. पालिकाको आन्तरिक आम्दानी कति छ ? आम्दानी बढाउन पालिकाको योजना के छ ?

## नागरिक प्रतिवेदन (Citizen Report Card)

**चुमनुब्री गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन-सहभागि नागरिक ४२ जना ।**

**१. तपाईँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ३२ प्रतिशत | ५४ प्रतिशत | १४ प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ६० प्रतिशत | ४० प्रतिशत | ० प्रतिशत |

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
|---|---|---|
| ५६ प्रतिशत | ० प्रतिशत | ४४ प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| | | |
|---|---|---|
| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| | | |
|---|---|---|
| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
| ८ प्रतिशत | ५० प्रतिशत | ४२ प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| छ | छैन | अलिअलि थाहा छ। |
| १६ प्रतिशत | ६४ प्रतिशत | २० प्रतिशत |

**७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
| २४ प्रतिशत | ५८ प्रतिशत | १८ प्रतिशत |

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?**

| | | |
|---|---|---|
| १ पटक | २ पटक | सो भन्दा बढी |
| १६ प्रतिशत | ४२ प्रतिशत | ४२ प्रतिशत |

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | नराम्रो |
| २६ प्रतिशत | ५४ प्रतिशत | २० प्रतिशत |

**१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?**

| | | |
|---|---|---|
| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
| ३६ प्रतिशत | ३२ प्रतिशत | ३२ प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| ७२ प्रतिशत | २८ प्रतिशत | ० प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?**

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| २४ प्रतिशत | ५४ प्रतिशत | २२ प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| १२ प्रतिशत | ६४ प्रतिशत | २४ प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| २० प्रतिशत | ५८ प्रतिशत | २२ प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईंलाई बोलाउने गरेको छ कि छैन ?**

| | | |
|---|---|---|
| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
| ० प्रतिशत | ७० प्रतिशत | ३० प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ७४ प्रतिशत | २० प्रतिशत | ६ प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ० प्रतिशत | ३४ प्रतिशत | ६६ प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| २८ प्रतिशत | ३८ प्रतिशत | ३४ प्रतिशत |

# अनुसूची ४

## चुमनुब्री गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम-२०८०
## कार्यक्रम तालिका

| क.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | निमा लामा-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>लक्ष्मी गुरुङ-उपाध्यक्ष<br>मनोज लामिछाने-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरु:**<br>कर्मा छेवाङ लामा-अध्यक्ष, वडा नम्बर १<br>मिङ्ग्युर दोर्जे लामा-अध्यक्ष, वडा नम्बर २<br>रामकुमार गुरुङ-अध्यक्ष, वडा नम्बर ३<br>पेमा ग्याल्पो लामा-अध्यक्ष, वडा नम्बर ४<br>कालेन छेवाङ-अध्यक्ष, वडा नम्बर ५<br>सरोज लामा-अध्यक्ष, वडा नम्बर ६<br>टसी दोर्जे लामा-अध्यक्ष, वडा नम्बर ७<br>कार्यपालिका सदस्य तथा गाउँसभा सदस्यहरु ।<br>**जवाफदेही**<br>गिरिजा प्र. रिजाल-प्रमुख, आर्थिक प्रशासन शाखा<br>बासुदेव वली-प्रमुख, शिक्षा शाखा<br>गणेशभक्त त्रिपाठी-प्रमुख, प्रशासन शाखा<br>वेदप्रकाश ढकाल-प्रमुख, योजना, तथ्यांक, जिन्सी<br>प्रेम गुरुङ-प्रमुख, स्वास्थ्य शाखा<br>पवन कुमार शाह-प्रमुख, प्राविधिक शाखा<br>अशोक जोशी-प्रमुख, कृषि शाखा<br>विशाल विसी-प्रमुख, पशु सेवा शाखा<br>भुवन ओझा-मनास्लु संरक्षण क्षेत्र आयोजना<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, बिव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | लक्ष्मी गुरुङ-उपाध्यक्ष |
| | **सार्वजनिक सुनुवाईको चरणमा प्रवेश** | | |
| ४. | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | मनोज लामिछाने, प्रमुख प्रशासकीय अधिकृत |
| ५. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ६. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहजकर्ता |
| ७. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ८. | | प्रश्न तथा गुनासो स्पष्ट | निमा लामा, अध्यक्ष<br>लक्ष्मी गुरुङ, उपाध्यक्ष<br>मनोज लामिछाने, प्रमुख प्रशासकीय अधिकृत<br>वडाध्यक्षहरु,<br>शाखा प्रमुखहरु |
| ९. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| १०. | | थप जिज्ञासामा स्पष्टता | मनोज लामिछाने, प्रमुख प्रशासकीय अधिकृत<br>निमा लामा, अध्यक्ष |
| ११. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |

# अनुसूची ५

## चुमनुब्री गाउँपालिकाको अर्धवार्षिक आम्दानी र खर्च तथा पञ्जीकरण र योजना कार्यान्वयनको अवस्था
## आव २०८०/०८१ को चैत १७ गतेसम्म आम्दानी र खर्च

### (१) आम्दानी

| क.सं. | विवरण | अनुमान | प्राप्ती | तह |
|---|---|---|---|---|
| १. | समानीकरण अनुदान | ६ करोड ९७ लाख | १ करोड | संघ |
| २. | सशर्त अनुदान | १२ करोड ४० लाख | ५ करोड ९३ लाख | |
| ३. | विशेष अनुदान | ९० लाख | ० | |
| ४. | समपुरक अनुदान | ५० लाख | ० | |
| ५. | समानीकरण अनुदान | ७८ लाख ६१ हजार | ३९ लाख ३० हजार | प्रदेश |
| ६. | सशर्त अनुदान | ५० लाख | ० | |
| ७. | समपुरक अनुदान | ५० लाख | ० | |
| ८. | राजश्व बाँडफाँट (प्रदेश) | ६७ लाख ३६ हजार | ३९ लाख ९७ हजार | |
| ९. | राजश्व बाँडफाँट (संघ) | ७ करोड ८३ लाख | ३ करोड ५४ लाख | |
| १०. | आन्तरिक आम्दानी | १८ लाख ५६ हजार | ९ लाख ५६ हजार | |

### (२) खर्च

| क.सं. | विवरण | अनुमान | यथार्थ खर्च |
|---|---|---|---|
| १. | चालू तर्फ | २५ करोड ९७ लाख | ८ करोड ३३ लाख |
| २. | पूँजीगत तर्फ | १६ करोड २८ लाख | १ करोड ७२ लाख |
| जम्मा | | ४२ करोड २५ लाख | १० करोड ६ लाख |

### (३) घटना दर्ता

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | जन्मदर्ता | १५२ |
| २. | मृत्युदर्ता | ७९ |
| ३. | विवाहदर्ता | ५७ |
| ४. | बसाईंसराई | ९ |
| ५. | सम्बन्ध विच्छेद | ४ |

### (४) योजना कार्यान्वयनको अवस्था

| वडा नं. | योजना संख्या | सम्झौता | सम्पन्न |
|---|---|---|---|
| १. | ३ | ३ | ० |
| २. | ६ | ६ | २ |
| ३. | १० | ९ | १ |
| ४. | ४ | ४ | ० |
| ५. | २ | २ | ० |
| ६. | ४ | ४ | ० |
| ७. | ६ | ६ | ० |

# अनुसूची ६

## कार्यक्रमका केही तस्विरहरु












AC/DC
















सार्वजनिक










सार्वजनिक

# अनुसूची ७

**सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकहरुले उठाएका प्रश्न, गुनासो तथा सुझाव एवं कार्यालयको तर्फबाट व्यक्त गरिएका प्रतिवद्धताहरु**

| | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | मनोज गुरुङ | ➢ कार्यक्रमहरु हुँदा पालिकाले सूचना दिँदैन । आफ्ना पार्टीका मान्छेलाई मात्रै भित्रभित्रै बोलाएर कार्यक्रम गर्छ ।<br>➢ योजनाका काममा प्राविधिक बोलाउँदा आउँदैनन् । काम सकिएपछि आएर भएन भनेर भत्काइदिन्छन् । समयमै आएर सुझाव दिनुपर्‍यो । | ➢ अहिले सूचना कम भएको छैन । फेसबुक पेज मार्फत पनि सबै कार्यक्रमका सूचना हालेका छौं । सार्वजनिक ठाउँमा पनि टाँसिएको छ । अलि चासो दिनुपर्छ ।<br>➢ तपाईंको कुरा ठीक हो । तर प्राविधिक जनशक्ति अभाव छ । सकेसम्म छिटो जनशक्ति पुर्ति गर्न पालिका लागेको छ । |
| २. | शान्ति गुरुङ | ➢ खोला बढेका बेला सानो फिलिम र देउरालीका बच्चा पढ्न जान पनि समस्या भयो । पुल बनाउने भनेर सर्भे पनि गरेको थियो । ४ वर्ष वितिसक्यो, काम के भैरहेको छ ? पुल नबन्दासम्म काठेपुल भएपनि राखिदिनुपर्‍यो ।<br>➢ पालिकाले गाउँमा ईसिडी खोलिदिएको छ । तर पर्याप्त सामग्री छैन । कार्पेट नभएर बच्चाहरु विरामी हुन थाले । ईसिडी चलाइएको घर भाडा नतिरेर समस्या भएको छ । ध्यान जाओस् । | ➢ पुलको सर्भे र डीपीआर पनि भैसकेको छ । सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छौं । अब प्रक्रियामा गएको छ । तत्कालका लागि काठको पुल हाल्न कार्यपालिकाले निर्णय गरेको छ । छिटै निर्माण हुन्छ ।<br>➢ सामग्री दिन बजेट छुट्याइएको छ । दिने हो । भाडा चाहिँ सुरुमा स्थानीयले तिर्ने र घरधनीले पनि नलिने भन्ने सहमति भएको थियो । अहिले माग्न थाल्नुभएको छ । सकेसम्म दिउँला । |
| ३. | सोनी गुरुङ | ➢ एमक्यापले पहिले डढेलो नियन्त्रण गर्थ्यो । अहिले डढेलो बढ्यो । पालिकाको ध्यान पुगेन । जरिवाना मात्रै लिने काम भएको छ, लाग्न नदिने उपाय गरिएको छैन । वन कसले हेर्ने हो ?<br>➢ पहिले पहिले प्रौढ शिक्षा थियो । अहिले भर्खरका किशोरीहरु पनि ल्याप्चे लाउँछन् । कमसेकम प्रौढ शिक्षा भए सामान्य लेखपढ गर्न पाइन्थ्यो । त्यस्तो व्यवस्था छैन ? | ➢ डढेलो नियन्त्रण गर्ने स्थानीयले नै हो । सबैभन्दा प्रमुख दायित्व नागरिकको नै हुन्छ । तर पालिकाले र एमक्यापले पनि सचेतनाका कार्यक्रम गर्ने योजना छ । आगामी वर्ष विशेष कार्यक्रम गर्छौं ।<br>➢ एकदमै सकारात्मक सुझाव आएको छ । यो वर्ष बजेट छैन । कुनै माध्यमबाट जुटाउन सके यसै वर्ष गर्छौं । नभए अर्को वर्ष कार्यक्रममा नै राखेर जान्छौं । |
| ४. | विरवल घले | ➢ पालिकाको योजना छनोट प्रक्रिया कस्तो छ ? बस्ती स्तरमा जानकारी नै हुँदैन किन हो ?<br>➢ कार्यपालिकाका निर्णयहरु सार्वजनिक गर्ने व्यवस्था होस् । कतिपय बैठकमा छलफल नै नभएको विषय पनि पछि निर्णयमा घुसाउने गरेको गुनासो सुनिन्छ, किन हो ?<br>➢ पालिकाको आन्तरिक आम्दानी राम्रो छैन । अथाह स्रोत छ । तर चलाउन पाएको छैन । एमक्याप र पालिकाबीच समन्वय हुनुपर्‍यो । एमक्यापले उठाउने रकम कसरी खर्च हुन्छ ?<br>➢ पालिकाको बजेटले शिक्षामा प्राथमिकता पुगेन । लक्षित वर्गको बजेट पनि कम | ➢ पूरै ७ चरणको प्रक्रिया पूरा गरेर योजना छनोट तथा बजेट विनियोजन गरिएको छ । सूचना गएको छ, भेलाबाटै छानेका छौं<br>➢ सुझाव राम्रो हो । तत्कालै बैठकका निर्णय सार्वजनिक गर्ने व्यवस्था मिलाउछौं । निर्णय पछि घुसाउने भन्ने हुँदैन । कुनै पठाउनुपर्ने सिफारिस भए पालिकाको निर्णय गर्नुपर्दा राख्ने हो । असर पर्ने विषय घस्दैन ।<br>➢ आम्दानी बढाउन उपायहरुको खोजी गरिरहेका छौं । एमक्यापले उठाएको ३ हजार प्रवेश शुल्कको ५० प्रतिशत मागेका छौं ।<br>➢ शिक्षामा प्राथमिकता दिन्छौं । लक्षित |

| | | | |
|---|---|---|---|
| | | भयो । | वर्गको बजेट छुट्याइएकै छ । थपौंला । |
| ५. | कमानी गुरुङ | ➢ पहिला एमक्यापले समूहलाई सहयोग गर्थ्यो । पालिकाले पनि कोष खडा गरेर सहयोग दिनुपर्‍यो । | ➢ पालिकाले कोष खडा गर्न मिल्दैन । बरु योजना दिनुस्, बजेट छुट्याउन सकिन्छ । टोलको काम गर्न प्रतिबद्ध छौं । |
| ६. | माया गुरुङ | ➢ फिलिममा डम्पिङ साइड जान पनि समस्या भयो । ग्याविन व्यवस्था गरिदिए सहज हुन्थ्यो । | ➢ वडाबाट निर्णय गराएर ल्याउनुस् । पालिकाले व्यवस्था गर्छ । ग्याविन सजिलो हुन्छ कि डम्पिङ साइट बनाउला । |
| ७. | रामकुमार घले | ➢ ठूलो फिलिम र सानो फिलिम जाने झोलुंगे पुल निर्माणका लागि टेण्डर र वीमा गरिदिनुपर्‍यो । डीपीआर भएको छ । | ➢ डीपीआर स्वीकृत भएको छैन । त्यो स्वीकृत हुने वित्तिकै टेण्डर पनि हुन्छ, वीमा पनि हुन्छ । |
| ८. | सुनकुमारी गुरुङ | ➢ पाङसिङमा फोहोर बढ्दै गयो । पालिकाबाट डस्टविनको व्यवस्था गर्दिनुपर्‍यो । | ➢ डस्टविन खरिद गरेर टोलटोलमा वितरण गर्ने कार्यक्रम यो वर्ष छ । यसलाई अगाडी बढाउछौं । |
| ९. | पुर्वी गुरुङ | ➢ देवल गाउँ जोखिममा छ । धेरै पटक गुनासो गरिसक्यौं । कसैले वास्ता गरेनन् । स्थानान्तरण गरिदिनुपर्‍यो । नत्र ठूलो क्षति हुनेवाला छ । सरकारले किन नसुनेको हो ? क्षति भएपछि के काम ? | ➢ विपद व्यवस्थापन प्राधिकरणबाट टोली आएर हेरेर जानुभएको छ । हामीले स्थलगत अध्ययन गरेर ८० घरको विवरण पठाएका छौं । अर्को वजेटमा व्यवस्था होला । |

## नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतका विषयमा पालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले जनाएका प्रतिबद्धताहरुः

### पेश्की नहुँदा काम गर्न समस्या

सार्वजनिक खरिद ऐनले नै पेश्की दिन नपाउने व्यवस्था गरेको छ । संशोधन भएर आयो भने दिउँला । तर कानूनी रुपमा अहिलेसम्म पेश्की दिन मिल्ने व्यवस्था छैन ।

### कर्मचारी बोलाएको बेला नआउने

त्यस्तो होइन । कर्मचारीको संख्या नै कम छ । दरबन्दी अनुसार कर्मचारी छैनन् । लोकसेवा आयोगसँग माग गरेर पठाएका छौं । केही महिनाभित्रै पदपुर्ति हुन्छ भन्ने विश्वास छ । त्यसपछि समस्या हुँदैन ।

### कृषि अनुदानको दुरुपयोग

दुरुपयोग नै भएको होइन होला । यदी त्यस्तो हो भने स-प्रमाण आउनुस् । हामी अनुगमन गरेर कारबाही गरौंला । अनुदान पालिकाले मात्रै पूरै लगानी गर्ने होइन, किसानको पनि लगानी हुन्छ ।

### एमक्यापसँग समन्वय

२ दिनअगाडी समन्वय बैठक बसेका छौं । उहाँहरु समन्वय गर्न तयार हुनुहुन्छ । धेरै कुराहरु केन्द्रबाट मिल्नुपर्ने खालको छ । समन्वय भैरहेको छ । अहिलेसम्म नवीकरण लगायत समस्याले रोकिएको हो ।

### होटल र पसलमा म्याद गुज्रिएका सामग्री

तिहारपछि अनुगमन गरेर साढे २ लाखका म्याद गुज्रिएका सामान नष्ट गरेका थियौं । फेरि अनुगमनलाई तीब्रता दिनुपर्ने भयो । अलिकति व्यवसायीहरुले पनि सामान ल्याउँदा म्याद धेरै भएका सामान ल्याउनुपर्‍यो । आउँदाआउँदै कतिपय सामानको म्याद गुज्रिसकेको हुन्छ ।

## जिल्ला दररेट नमिलेको

जिल्ला दररेट प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बनेको समितिले तोक्ने हो । हामीले कार्यपालिका बैठकबाट निर्णय गरेर पनि दवाव त दिएका छौं । अझै समन्वय गरौंला । यहाँ दररेट नमिलेर समस्या चाहिँ भएको छ । समितिले पनि त्यसको चुनौति व्यहोरिरहेका छन् ।

## प्राविधिक समयमा नआउने

जनशक्ति अभाव भएर हो । ३ जना प्राविधिकले १६ सय वर्गकिलोमिटरमा सेवा दिनुपर्छ । निकै गाह्रो परेको छ । प्राविधिक मागेका छौं । माथिबाट आउने वित्तिकै समस्याको हल हुन्छ ।

## स्टिमेट नेपालीमा

प्रश्न राम्रो हो । तर सबै स्टिमेट नेपालीमा बनाउन सम्भव छैन । सम्भव हुनेजति नेपालीमा बनाउन पहल गर्छौं ।

## योजनामा गुणस्तर छैन

अनुगमन त गरिरहेका छौं । तर प्राविधिक जनशक्ति नभएका कारण गुणस्तर पूरै मापन गर्न सकिएको छैन । आँखाले हेरेर गुणस्तर नाप्न सकिएन । तर अनुगमनलाई तिब्रता चाहिँ दिएका छौं । अझै रफ्तार बढाउछौं ।

## स्वास्थ्य संस्थामा निशुल्क औषधी पनि पाइएन

कुन संस्थाको हो थाहा भएन । तर सरकारले दिने भन्दा थप औषधी किनेर पालिकाले व्यवस्था गरेको छ । सबै संस्थामा उपलब्ध छ । औषधी सकिएको बेला परेर होला ।

## पालिका कार्यालय भाडाको घरमा

अब आफ्नै भवन बनाउने योजना अघि बढेको छ । १४ करोडको डीपीआर बनिसक्यो । यही वर्ष सकेसम्म टेण्डर निकाल्ने योजना छ । ३ वर्षभित्र नयाँ भवन बनाएर सर्ने योजना गरेका छौं ।

## रातो किताव नछापेको

यसअघि किन छापिएन थाहा भएन । अब आगामी वर्षदेखिको रातो किताव (वार्षिक विकास कार्यक्रम पुस्तिका) छाप्ने प्रतिबद्धता जनाउँछु ।

## करार कर्मचारीमा स्थानीयलाई प्राथमिकता

पहिलेका कर्मचारी बाहिरका आएका हुन् । अहिले करारमा नियुक्त गरिएका सबैजसो कर्मचारी स्थानीय छन् । आयोगले लिने परीक्षामा हामीले केही बोल्न मिल्दैन । तर स्थानीयले गर्न सक्ने काममा स्थानीयलाई नै प्राथमिकता पालिकाले चाहिँ दिइरहेको छ ।

## वडामा सचिव नभएको

कर्मचारी अभावले यस्तो परेको हो । एउटै सचिवले २ वटा वडा पनि हेर्नुपरेको छ । पालिकाको शाखा पनि हेर्नुपरेको छ । कर्मचारी मागेका छौं । आएपछि व्यवस्थापन गर्छौं ।

## मानव वन्यजन्तु द्वन्द्व

वन्यजन्तुले असर गरे एमक्यापले क्षतिपुर्ति दिइरहेको छ । पालिकाले द्वन्द्व न्यूनिकरणका केही उपाय भए खोज्छ । सम्बन्धित निकायसँग समन्वय पनि गर्छ । हामीले तारजालीको व्यवस्था भने गरिरहेका छौं ।

## नेटवर्क समस्या

ठाउँठाउँमा टावर निर्माण भैरहेको छ । यो हाम्रो भन्दा संघ सरकारको मातहतको काम हो । तर समन्वय पालिकाले नगरेको होइन । कहिलेकाहीँ नेटवर्क समस्याले पालिकाकै काम पनि रोकिएका छन् । हाम्रो विशेष चासो छ ।

### व्यवसायीले तीनतिर कर तिर्नुपरेको

कर तीनतिर तिरेको होइन । पालिका, संघ र प्रदेशको आफ्नै कार्यक्षेत्र छन् । पालिकालाई दर्ता र नवीकरण शुल्क मात्रै तिर्ने हो । अरु संघ र प्रदेशले लिने कर फरक हो ।

### विउ विजन वितरणमा समय नमिलेको

यसपालि गहुँको विउ ढुवानी गर्दा ढिलो भयो । बाटोको समस्याले किनेर राखेको विउ पनि ल्याउन पाइएन । आगामी दिनमा यस्तो हुँदैन ।

### जनप्रतिनिधि र कर्मचारीको कार्यालयमा नियमिमता छैन

कुरा ठीक हो । अब बाटो बनेको छ । जनप्रतिनिधि पनि कर्मचारी पनि नियमित रुपमा कार्यालय आउने व्यवस्था मिलाउँछौं । अहिलेसम्म समस्या भएर हो । अब कार्यालयमा बस्नुपर्छ ।

### अपुरा योजनालाई पूर्णता दिने


हरेक वर्ष अपुरा योजनालाई पूर्णता दिने योजना प्राथमिकतामा परेकै छ । सुझावका लागि धन्यवाद ।


### आन्तरिक आम्दानी बढाउने योजना




एमक्याप र पालिकाको ऐन नियम बाझिएर धेरै ठाउँबाट आम्दानी गर्न सकेका छैनौं । समन्वय भैरहेको छ । दायरा खोजिरहेका छौं । राजश्व सुधार कार्ययोजना निर्माण भैरहेको छ ।

## अनुसूची ८

**सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति**





**समाप्त ।**